ढोरपाटन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बुर्तिबाङ, बागलुङ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या:- ०८३/८४

च.न.:- 939

मिति:- २०८३/०४/२६

लामखुट्टेको वासस्थान "खोज र नष्ट गर" अभियान सञ्चालन गर्ने सम्बन्धी सूचना।

उपरोक्त सम्बन्धमा गर्मी तथा वर्षायामसँगै लामखुट्टेको प्रजनन तथा वृद्धि हुने क्रम बढ्दै जाँदा डेंगी, स्क्रब टाइफस, मलेरिया, जापानीज इन्सेफ्लाइटिस लगायतका रोगहरूको संक्रमणको जोखिमसमेत बढ्ने गर्दछ । यस नगरपालिका क्षेत्रभित्र विभिन्न समुदायबाट डेंगी रोगका बिरामीहरू समेत फेला परिरहेको अवस्थामा यो रोगको रोकथाम तथा नियन्त्रणका लागि लामखुट्टेको टोकाइबाट बच्नुका साथै यसको प्रजननस्थल नष्ट गर्नु अत्यन्त आवश्यक रहेको छ । लामखुट्टेको वासस्थान तथा प्रजननस्थल नष्ट गर्ने कार्य कुनै एक निकायको मात्र प्रयासबाट सम्भव नहुने भएकाले स्वास्थ्य संस्था, विद्यालय, टोल विकास संस्था, आमा समूह, स्थानीय क्लब, विभिन्न संघ–संस्था तथा सम्पूर्ण समुदायको सक्रिय सहभागिता आवश्यक रहेको छ । त्यसैले सम्बन्धित सबै निकाय तथा समुदायलाई कम्तीमा **८ हप्तासम्म, हप्ताको १ दिन १ घण्टा "खोज र नष्ट गर"** अभियान सञ्चालन गरी घर, विद्यालय, कार्यालय तथा सार्वजनिक स्थान वरपर रहेका पानी जम्ने स्थानहरू पहिचान गर्ने, पानी जम्न नदिने तथा लामखुट्टेको सम्भावित वासस्थान एवं प्रजननस्थल नष्ट गर्ने कार्यमा सक्रिय रूपमा सहभागी भई रोगको रोकथाम तथा नियन्त्रणमा सहयोग पुऱ्याउन हार्दिक अनुरोध गरिन्छ ।

२०८३/०४/२६

चिरन्जिवी घिमिरे

(प्रमुख प्रशासकीय अधिकृत)

सार्वजनिक सूचना

डेंगुबाट बचौं, सुरक्षित रहौं!

ढोरपाटन नगरपालिकामा डेंगि रोगका बिरामी बढ्दै गएकोले सम्पूर्ण नगरवासीमा सतर्कता अपनाउन अनुरोध गर्दछौं।

डेंगुबाट बच्ने सरल उपायहरू

घर वरिपरि पानी जम्न नदिनुहोस्।

पानी राख्ने भाँडाहरु छोपेर राख्नुहोस् र हरेक हप्ता सफा गर्नुहोस्।

गमला, टायर, कुलर, बोतल आदिमा जम्मा पानी हटाउनुहोस्।

झ्याल-ढोकामा जाली लगाउनुहोस्।

लामो बाहुला भएका कपडा लगाउनुहोस्।

लामखुट्टे भगाउने क्रीम, स्प्रे प्रयोग गर्नुहोस्।

डेंगुका लक्षणहरू

- अचानक उच्च ज्वरो आउनु
- टाउको दुख्नु
- आँखा पछाडि दुखाई हुनु
- मांसपेशी तथा जोर्नी दुख्नु

- वाकवाकी वा बान्ता हुनु
- शरीरमा रातो बिमिरा देखिनु
- अत्यधिक कमजोरी महसुस हुनु

तत्काल स्वास्थ्य संस्थामा जानुपर्ने अवस्था

निम्न लक्षण देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस्।

- पेट अत्यधिक दुख्नु
- लगातार बान्ता हुनु
- नाक वा गिजाबाट रगत बग्नु
- दिसा वा वान्तामा रगत देखिनु
- अत्यधिक कमजोरी, बेहोस हुने वा श्वास फेर्न गाह्रो हुनु

10 मिनेट

हरेक शुक्रबार १० मिनेट

घर वरिपरिको पानी जम्ने ठाउँ खोजौं, सफा गरौं र डेंगुलाई रोकौं।

डेंगु नियन्त्रण सबैको साझा जिम्मेवारी हो। आफ्नो घर, आफ्नो टोल र आफ्नो समुदायलाई डेंगुमुक्त बनाउन आजैबाट सचेत बनौं।

अनुरोधक:

ढोरपाटन नगरपालिका, बागलुङ